# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन २४ गते २०३४ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको
### सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप–दफा (१) र सोही ऐनको दफा ४ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्य भएको वीरगन्ज नगर विस्तार योजना निर्माण समिति तथा बोर्डको गठन गरेको छ ।

समितिः–

(क) श्री अञ्चलाधीश, नारायणी अञ्चल– – – – – –अध्यक्ष

(ख) श्री प्रधानपञ्च, वीरगन्ज नगर पञ्चायत– – – –उपाध्यक्ष

(ग) श्री सदस्यहरू, वीरगन्ज नगर पञ्चायत– – – –सदस्य

(घ) श्री इञ्जिनीयर, वीरगन्ज नगर विस्तार योजना– – –सदस्य

(ङ) श्री प्रधान अधिकृत, वीरगन्ज नगर पञ्चायत– – –सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८११

(च) श्री अधिकृत, वीरगन्ज नगर विस्तार योजना— — — —सदस्य
(छ) सदस्यहरूमध्ये समितिले तोकेको व्यक्ति— — —सदस्य—सचिव

बोर्डः—

(क) श्री अञ्चलाधीश, नारायणी अञ्चल— — — — —अध्यक्ष
(ख) श्री चीफ इञ्जिनीयर, आ. भ. तथा भौ. प. विभाग— — —सदस्य
(ग) श्री प्रधानपञ्च, वीरगन्ज नगर पञ्चायत— — —सदस्य—सचिव

समितिको काम, कर्तव्य र अधिकारः—

१. नगर विस्तार योजनाबाट तत्काल निर्माण गरिने ७ कि. मि. लामो सडकको प्लानमा सडक विभागबाट सिफारिश भए अनुसार कार्यान्वियन गर्ने।

२. योजनास्थलमा निर्माण हुने शहरी सडकहरू र निर्माण हुने भवनहरूको निमित्त नर्मसहरू (Building Regulation) आ. भ. तथा. भौ. प. विभागबाट स्वीकृति दिए बमोजिम समितिले कार्यान्वियन गर्ने।

३. बोर्डको समर्थन प्राप्त भएमा समितिले सुनियोजित रूपमा विकास कार्यको लागि आफ्नो आन्तरिक कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

४. नगर विकास समिति ऐन, २०१९ को दफा ६ को अधिनस्थ रही प्राप्त अधिकार प्रयोग गर्ने।

आज्ञाले—
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१२